स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेता भुवन केसीको छोरा भएकै कारण उनले 'नेपोटिज्म'को आरोप सहनुपर`को छ । यद्यपि, यो विषयमा उनी मौन रहँदै आएका छन् । भुवनले भने 'नेपोटिज्म'बार` आफ्नो धारणा राखिरहेका हुन्छन् । फिल्म 'जेरी अन टप'को टिजर सार्वजनिक कार्यक्रममा पनि उनले 'नेपोटिज्म'को प्रसंग निकाले । अभिनेता विराज भ का छोरा समीर भ बारे पत्रकारले सोधेको प्रश्नपछि उनले उक्त प्रसंग निकालेका थिए । उनले समीरलाई आफूले छोरा जस्तै सोच्ने गरेको बताउँदै फिल्म क्षेत्रमा 'नेपोटिज्म'को बहस समीरले बन्द गारिदिएकोमा खुसी व्यक्त गरे ।

**आजको विचार...**



पृथ्वीको... *(दुई पेजमा)*

गम्भीरबहादुर हाडा



बलिउड अभिनेत्री परिणीति चोपडा आमा बन्दैछिन् । पति राघव चड्ढा र परिणीतिले इन्स्टाग्रामबाट पहिलो सन्तानको पर्खाइमा आफूहरु रहेको कुरा सेयर गरेका छन् । बलिउडको सबैभन्दा प्रिय जोडी मध्ये एक परिणीति र राघवको यो खुशीको खबर सुनेर बलिउड र विश्वभरका फ्यानहरुबाट बधाईको ओइरो लागेको छ । यस पोस्टमा बच्चाको खुट्टालाई चित्रण गारिएको छ र यसमा १+१=३ लेखिएको छ, जुन देखेर उनीहरुका साथीहरु धेरै खुसी भएका छन् । दुवैले पोस्टको क्याप्सनमा लेखेका छन्, "हाम्रो सानो संसार...अब आउँदैछ, नाप्न सकिनेभन्दा धेरै परको अनुग्रह ।"

❐ वर्ष ३१ ❐ अंक ४१ ❐ २०८२ भदौ ११ गते बुधबार 27 August 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# जग्गा सर्तसहित फुकुवा गर्ने लुम्बिनी प्रदेश सरकारको निर्णय

रासस

**लुम्बिनी,** भदौ १०/लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले १२ निर्णय गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले प्रशासनिक, कानुनी, भौतिक पूर्वाधार र सामाजिक क्षेत्रका विषयबारे निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए ।

राजधानी क्षेत्रभित्र राप्ती गाउँपालिका, गढवा गाउँपालिका र अर्घाखाँचीको शीतगङ्गा नगरपालिकामा रोक्का राखिएका निजी जग्गा स्थानीयको माग र पूर्वाधार विकास प्राधिकरणको सिफारिसअनुसार सर्तसहित फुकुवाका लागि सैंय सरकारसमक्ष सिफारिस गर्ने बैठकले निर्णय गरेको छ । निर्णयअनुसार राप्ती गाउँपालिकाका सम्पूर्ण वडा, गढवा गाउँपालिका-१, २ र ३ मा एक कट्ठाभन्दा कम र शीतगङ्गा नगरपालिका-८ र ९ मा एक रोपनीभन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न पाइने छैन । साथै जग्गा खरिदकर्ताले एकीकरण आयोजनाका सर्तहरू पालना गर्नेगरी सहमतिपत्रमा हस्ताक्षर गर्नुपर्ने व्यवस्था गरिएको छ ।




प्रदेश राजधानी घोषणाअघि २०७७ असोज १६ गते सरकारले जग्गा रोक्का राख्ने निर्णय गरेको थियो । बैठकले तीन प्रदेश सचिवको जिम्मेवारी तोकेको छ । मोतिराम सापकोटालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विनोद लामिछानेलाई युवा तथा खेलकुद मन्त्रालय र चुर्णबहादुर ओलीलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी तोकिएको छ । प्रदेश निजामती सेवा पुरस्कार छनोटका लागि मापदण्ड स्वीकृत गरेको छ । यस्तै सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन र आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकका लागि अस्थायी सङ्गठन संरचना स्वीकृत गरिएको छ । बैठकले सञ्चारमाध्यमसम्बन्धी ऐन संशोधन र एकीकरण गर्न अवधारणापत्र स्वीकृत गरेको छ । त्यस्तै नुवाकोट सांस्कृतिक डबली तिनाउ गाउँपालिकालाई हस्तान्तरण गर्ने, अष्ट्रेलियाको वेन्डिगोस्थित ग्रेट स्तूप अफ युनिभर्सल कम्प्यासनसँग औपचारिक सम्बन्ध स्थापना गर्दै बुद्धको प्रतिमा स्थापना गर्ने निर्णय पनि भएको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमार्फत भूमि व्यवस्थापनसम्बन्धी विधेयकको अवधारणापत्रलाई सैद्धान्तिक स्वीकृति दिइएको छ भने सामाजिक विकास मन्त्रालयमार्फत दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक प्रदेशसभामा पेस गर्ने निर्णय गरिएको छ । स्वास्थ्य मन्त्रालयका तर्फबाट प्रस्तुत गरिएको प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०८२ संशोधन मस्यौदालाई पनि मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ । **-रासस**

## संक्षिप्त समाचार

### राज्य व्यवस्था समितिको सभापतिमा न्यौपाने

**काठमाडौं,** भदौ १०/प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा ईश्वरीदेवी न्यौपाने निर्विरोध भएकी छन् । यद्यपि, उनी सभापतिमा निर्वाचित भएको घोषणा हुन बाँकी छ ।

समितिका तत्कालीन सभापति रामहरि खतिवडाले राजीनामा दिएपछि रिक्त पदमा मंगलबार उम्मेदवारी दर्ताको तालिका थियो । दिउँसो १ बजेदेखि ४ बजेसम्म उम्मेदवारी दर्ताको समय तय भएको थियो । समितिको सभापतिका लागि कांग्रेस सांसद न्यौपानेको मात्र उम्मेदवारी परेको थियो ।

संसदीय सुनुवाइ समिति सभापतिबाट राजीनामा दिएर न्यौपानेले राज्य व्यवस्था समितिको सभापतिमा उम्मेदवारी दर्ता गराएकी थिइन् । उनको प्रस्तावका कांग्रेस सांसद रामहरि खतिवडा र समर्थकमा एमाले सांसद कृष्णगोपाल श्रेष्ठ रहेका छन् । न्यौपानेको मात्र उम्मेदवारी परेकाले उनी समिति सभापतिमा निर्विरोध चयन भएकी छिन् ।

यद्यपि बुधबार उनी निर्वाचित भएको औपचारिक घोषणा हुनेछ । यसअघि कुलिङ पिरियड विवादमा रामहरि खतिवडाले राजीनामा दिएका थिए । कांग्रेसको भागमा परेको दुवै समितिमा सभापति बनाउनपर्ने भएपछि बिहान पार्टी सभापति शेरबहादुर देउवाले बैठक राखेर न्यौपानेलाई अघि सारेका थिए ।

# तानसेनमा रक्तदानबाट २० युनिट रगत संकलन

कृष्ण पोखरेल

**पाल्पा,** १० भदौ /विश्व बन्धुत्व दिवस तथा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयकी पूर्व प्रमुख राजयोगिनी डा दादी प्रकाशमणीजीको १८ औं पुण्य स्मृतिको अवसरमा सोमबार पाल्पाको तानसेनमा रक्तदान कार्यक्रम गरिएको छ ।

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, क्षेत्रीय राजयोग प्रशिक्षण केन्द्र तानसेनको आयोजना, रोट्रयाक पाल्पाको सहयोग र नेपाल रेडक्रस सोसाइटी तानसेनको प्राविधिक सहयोगमा कार्यक्रम गरिएको हो । कार्यक्रममा २० युनिट रगत संकलन गरिएको ब्रह्मा कुमार भानु प्रकाश पौडेलले जानकारी दिए । ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय पाल्पा अर्न्तगत रामपुर शाखाबाट २३ युनिट, प्रभास शाखाबाट २१ युनिट र तानसेन शाखाबाट २० युनिट रगत संकलन भएको हो । कार्यक्रमका प्रमुख अतिथी तानसेन नगरपालिका -६ का वडा अध्यक्ष सागरमान महर्जनले रक्तदान जस्तो कार्यक्रम गरी संस्थाले ठूलो मानवीय सेवा गरेको बताए । उनले सामाजिक सद्भाव र भाइचारालाई प्रवर्द्धन गर्ने खालका यस्ता कार्यक्रम



निरन्तर सञ्चालन हुनु आवश्यक रहेको बताए ।

कार्यक्रममा मानवअधिकार तथा शान्ति समाजका उपाध्यक्ष कृष्ण बहादुर रावल, नेपाल रेडक्रस सोसाइटी पाल्पाका सभापती बाबुराम कार्की, रेडक्रस पाल्पाका कार्यालय प्रमुख विनोद भारती, पत्रकार कृष्ण पोखरेल र समाजसेवी मित्रलाल नेपाली लगायतले ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय आफैमा पवित्र संस्था भएको र रक्तदान जस्तो कार्यले संस्थाको महत्वलाई अझैउचाईमा पुऱ्याएको बताए । वक्ताहरूले रक्तदानले जीवन बचाउन मद्दत गर्ने मात्र नभई समाजमा सेवा भाव जगाउने महत्वपूर्ण अवसर हुने बताए । साथै, दादी प्रकाशमणीजस्ता व्यक्तित्वहरूको योगदानलाई सम्झँदै आयोजित यस्ता सामाजिक कार्यक्रमले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने उल्लेख गरे रक्तदान कार्यक्रम ब्रह्माकुमारी ईश्वरीय विधालय पाल्पाकी प्रमुख प्रेमा दिदीको अध्यक्षता, ब्रह्माकुमारी तारा जीको स्वागत, ब्रह्माकुमार भानु प्रकाशको सञ्चालनमा भएको थियो । कार्यक्रममा नेपाल प्रहरी, रोट्रयाक पाल्पाका सदस्यहरु, सर्वसाधारण, ब्रह्माकुमारी परिवार, स्थानीय समाजसेवी, विद्यार्थीहरुले रक्तदान गरेका थिए । कार्यक्रममा रक्तदाताहरुलाई मायाको चिनो सहित सम्मान गरिएको थियो ।

# आज गणेश चतुर्थी पर्व मनाइँदै



**पाल्पा,** भदौ १०/ अग्रपूजाको अधिकार प्राप्त गरेका बिघ्नहर्ता भगवान् गणेशको पूजाआराधना गरी मनाइने गणेश चतुर्थी पर्व आज मनाइँदै छ ।

प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्थीका दिन अर्थात् हरितालिका तिजको भोलीपल्ट यो पर्व मनाइन्छ । सत्ययुगमा भाद्र शुक्ल चतुर्थीका दिन भगवान् गणेशको जन्म भएको शास्त्रीय मान्यता छ । विनायक चतुर्थी र चौथीचाँद समेत भनिने गणेश चतुर्थीका दिन अस्थाई मन्दिर वा पण्डालमा भगवान गणेशको मुर्ती स्थापित गरेर पुजा अर्चना गर्ने चलन छ । पुजाअर्चना पछि गणेशको मुर्तीलाई नदी, ताल तलाउमा विसर्जन गरिन्छ । ...**बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## डेंगी रोक्न सतर्कता

यति बेला देशका सबै जसो जिल्लामा डेङ्गी सङ्क्रमण फैलिसकेको छ । जुनदेखि अगस्टसम्म (असार–भदौ) सम्मलाई डेङ्गी सङ्क्रमणको जोखिम कायम रहने समयका रुपमा लिइन्छ । विगत वर्षहरूमा भदौ–असोजमा संक्रमण दर अत्यधिक बढ्ने गरेको अनुभव छ । जसले गर्दा पूर्वतयारीको समय अहिले नै हो किनभने डेंगी फैलिसकेपछि उठाइने कदम धेरैजसो प्रभावहीन हुन्छन् ।

ज्वरो आउने, टाउको दुख्ने, शरीरमा बिमिराहरू देखिने, वाक्वाकी लाग्ने, नाक वा गिजाबाट रगत बग्ने, पेट दुख्ने, ढाड जोर्नी था मांसपेसीहरू दुख्ने भयो भने सोचे हुन्छ– डेंगी संक्रमण भयो । कुनै मानिसमा यीमध्ये कुनै एक वा बढी समस्या उत्पन्न भएमा उसको स्वास्थ्य स्थिति अवश्य पनि पीडायुक्त हुन्छ । त्यसैले यस्तो संक्रमणबाट बच्न लामखुट्टेको टोकाइ छल्नु नै सबै भन्दा उत्तम उपाय हुने स्वास्थ्यविद्हरूको सुझाव छ । डेंगी नेपालका सन्दर्भमा नयाँ समस्या हुँदै होइन । यो प्रत्येक वर्षजसो आइरहन्छ । तर पनि यो समस्या समाधानका लागि जुनखालको समाधान नीति अपनाउनु पर्थ्यो, त्यसमा भने हामी चुकिरहेकै हो । त्यसैले प्रत्येक वर्ष यो समस्या आउँदा संक्रमितको रेकर्ड राख्ने, जनचेतनाका नाममा केही प्रचारप्रसारका कार्य गर्ने र आफ्नो दायित्व पूरा भएको सम्झने प्रवृत्ति कायमै छ । जसले गर्दा समस्या कम हुँदै जानुपर्नेमा उल्टै बढ्दै गएको छ । यो अत्यन्त दुखद हो । अहिले विभिन्न जिल्लामा संक्रमितको संख्या हेर्दा अझै उच्च दरमा फैलिने संकेत देखिएको छ । जसले गर्दा अझै थप सतर्क हुनुपर्ने अवस्था छ । सार्वजनिक स्थलमा बनेका खाल्डाखुल्डी, फालिएका ड्रम, टायर, बोतल र टुटेका भाँडाकुँडामा पानी जम्दा लामखुट्टे बढ्न सक्ने सम्भावना हुन्छ । घरआँगनका गमला, बोतल, ढकनी र वैकल्पिक रूपमा राखिएको पानीसमेत प्रजननस्थल बन्न सक्छ । सफा पानी मात्र पाउँदा पनि यसले फुल पार्छ र आफ्नो संख्या बढाउँछ । डेंगी रोकथाम र नियन्त्रण गर्न व्यक्तिगत सतर्कता अत्यावश्यक हुन्छ । झ्यालढोकामा जाली लगाउने, साँझ–बिहान बाहुला भएको लुगा लगाउने र गुणस्तरीय मलम प्रयोग गर्ने उपाय तत्काल अपनाउनुपर्छ । यस्ता उपायले लामखुट्टेको टोकाइबाट जोगिन सहयोग गर्छ । तर, सबैभन्दा प्रभावकारी रणनीति भनेको यसको वृद्धि चक्रलाई रोक्नु हो । त्यसका लागि घरआँगन सफा राख्न, पानी जम्न सक्ने खाल्डाखुल्डी हटाउन, घोप्ट्याउन वा लामखुट्टे मार्ने औषधि छर्कनु आवश्यक छ । अहिलेको अवस्थामा हेलचेक्र्याइँ गर्नुहुँदैन । त्यसले ज्यान पनि लिन सक्ने हुनाले उक्त अवस्था आउन नदिन स्वयम व्यक्ति आफै जिम्मेवार र सर्तक हुन जरुरी छ ।

### Opinion @ Social Network

खाँचो सधैं साथ दिने मान्छेको थियो ।
तर जिन्दगीले सधैं आस देखाउनेसँग मात्र भेट गराइदियो ।
*(टेकु क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Teku Chhettri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पृथ्वीको उत्पत्ति बनौट बारे जानकारी



**गम्भीरबहादुर हाडा**

*पृथ्वीमा पाइने रेडियो सक्रिय वस्तुहरूको अध्ययनबाट पृथ्वीको उमेर करिब साढे चार अर्ब वर्ष भएको पुष्टि भएको छ । यसरी सूर्य तथा पृथ्वीको उत्पत्ति लगभग सँगसँगै भएको अनुमान गरिएको छ । हाम्रो सौर्यमण्डलमा विभिन्न नौ ग्रहहरू छन् । नौ ग्रहमध्ये पृथ्वी एउटा हो । तर जीवित वस्तुहरूको निम्ति उपयुक्त वातावरण यस ग्रहमा मात्र विद्यमान छ । पृथ्वीको आकार तल–माथि केही चेप्टिई बीचमा फुकेको सुन्तला जस्तो छ । बनौटको आधारमा पृथ्वीलाई दुईभागमा बाँड्न सकिन्छ । क.बाह्यमण्डल ख.भित्रीमण्डल.।*

हिन्दु धार्मिक ग्रन्थहरूमा पृथ्वी थाल जस्तै चेप्टो र स्थिर रहेको छ । सम्पूर्ण ग्रह, उपग्रहहरूले पृथ्वीको परिक्रमा गर्दछन् । स्वयम् सूर्य भगवान सातवटा घोडाहरूले तान्ने रथमा चढेर पृथ्वीको परिक्रमा गर्ने गर्दछन् । इसाई किंवदन्तिमा बहादुर हर्क्युलसले आफ्नो दरो काँधमा पृथ्वीलाई थेगिराखेको छ । मिश्रवासीहरू पृथ्वी ठूलो चौपाटे बाकस जस्तो छ र त्यो बाकसको लामो र साँघुरो पीधको बीचमा मिश्र अवस्थित छ भन्ने विश्वास राख्दथे । बाकसको माथिल्लो भागमा अवस्थित आकाश देवताले धागोले बाँधेर असंख्य बत्ती झुण्डाएका छन् र ती बत्तीहरू नै ताराहरू हुन् । आकाश देवताका केही बत्तीहरू साना ढुंगामा चढेर उताउति घुमिरहन्छन् र तिनै ग्रहहरू हुन् भन्ने उनीहरूको विश्वास थियो । अलग–अलग सभ्यता र धार्मिक विश्वास राख्नेहरूका बीच यस किसिमका अनेकौं सोचाइ राखिने गर्दथे । यिनीहरूको आधार तथ्य नभएर तर्कनाहरू थिए ।

ग्रिक खगोलशास्त्री निकोलस कोपरनिक्सले सन् १५४३ मा पहिलोपटक पृथ्वीका सम्बन्धमा वैज्ञानिक आधारमा धेरै तथ्यहरू प्रकाशमा ल्याए । कोपन्क्सिले त्यसबेलाको आमविश्वासको विपरीत पृथ्वी सम्पूर्ण ग्रहहरूको केन्द्र होइन, यो पनि अन्य ग्रहहरू जस्तै एउटा ग्रह हो, अन्य ग्रहहरू जस्तै यो पनि सूर्यको वरिपरि वृत्ताकार कक्षमा घुम्ने गर्दछ, चन्द्रमा पृथ्वीको वरिपरि घुम्ने गर्छ, सूर्य एउटा तारा हो, ताराहरू पृथ्वीबाट अत्यन्त टाढा छन्, पृथ्वी आफ्नो अक्ष वरिपरि परिक्रमा गर्दछ र यसको कारण दिन र रात हुन्छ भन्ने कुरा ठोकुवा गरे । आफ्नो यस भनाइको कारण कोपनिक्सले त्यस बेलाको समाज र शासकद्वारा अपमानित र सजायको भागीसमेत हुनुपर्‍यो तर पछि भएका वैज्ञानिक अनुसन्धानहरूले कोपनिक्सको भनाइ र खोजी सही थिए भन्ने तथ्यलाई झन् झन् धेरै प्रमाणहरूले पुष्टि गर्दै लग्यो । पृथ्वीको उत्पत्तिसम्बन्धी धार्मिक मान्यता र विश्वास विज्ञानको विकास सँगसँगै हराउँदै गए । यसको ठाउँ पृथ्वीको निर्माणसम्बन्धी वैज्ञानिक परिकल्पना र सिद्धान्तहरूले लिन थाले । अहिले पृथ्वीसम्बन्धी धेरै तथ्यहरू प्रमाणिक रूपमा जानकारीमा आइसकेका छन् । दूरवीन (टेलिस्कोप) को आविष्कार र खगोलशास्त्रको विकासले पृथ्वीका सम्बन्धमा विभिन्न सत्यहरू तथ्यका आधारमा प्रस्तुत गर्न सघाउ पुर्‍यायो । अन्तरिक्षमा भू उपग्रहको प्रक्षेपण, कार्यशालाको स्थापना, दूर संवेदन प्रविधिको विकास आदिले गर्दा अहिले पृथ्वी, हाम्रो सौर्यमण्डलका ग्रह उपग्रहहरू र सम्पूर्ण तारामण्डलका विषयमै वैज्ञानिक जानकारी प्राप्त गर्ने दिशामा क्रान्तिकारी परिवर्तन भएको छ । यति भएर पनि, पृथ्वीको उत्पति सम्बन्धमा एउटै सर्वमान्य सिद्धान्त प्रतिपादित भइसकेको छैन । यसमा विभिन्न विचारहरू पाइन्छन् । र, पृथ्वीको उत्पत्ति सम्बन्धमा अहिलेसम्म उपलब्ध तथ्य र जानकारी अपूर्ण नै रहेका छन् । सौर्य मण्डलमा ग्रहहरू, सूर्य तथा अन्य ताराहरूको रासायनिक बनोटमा निकै समानता पाइन्छ । यसबाट तिनीहरूको उत्पत्ति एकै वस्तुबाट भएको हो भन्ने पुष्टि हुन्छ । सूर्यमा पाइने हिलियम र हाइड्रोजन ग्यासको अध्ययनबाट करीब पाँच अर्ब वर्षअघि सूर्य उत्पत्ति भएको हुनुपर्छ भन्ने अनुमान गरिएको छ । पृथ्वीमा पाइने रेडियो सक्रिय वस्तुहरूको अध्ययनबाट पृथ्वीको उमेर करिब साढे चार अर्ब वर्ष भएको पुष्टि भएको छ । यसरी सूर्य तथा पृथ्वीको उत्पत्ति लगभग सँगसँगै भएको अनुमान गरिएको छ । हाम्रो सौर्यमण्डलमा विभिन्न नौ ग्रहहरू छन् । नौ ग्रहमध्ये पृथ्वी एउटा हो । तर जीवित वस्तुहरूको निम्ति उपयुक्त वातावरण यस ग्रहमा मात्र विद्यमान छ । पृथ्वीको आकार तल–माथि केही चेप्टिई बीचमा फुकेको सुन्तला जस्तो छ । बनौटको आधारमा पृथ्वीलाई दुईभागमा बाँड्न सकिन्छ । क.बाहृयमण्डल ख.भित्रीमण्डल.।

**बाहृय मण्डल :** सूर्यको तापक्रमको सहयोगबाट समुद्रको पानी बाफ बनेर उड्छ र माथि आकाशमा गएर पानी बनेर वर्षन्छ । सम्पूर्ण जलमण्डल, माथिल्लो भूमण्डल र वायुमण्डलको तल्लो भाग मिलेर जीवमण्डल बनेको छ । जीवहरूको आधारभूत एकाई कार्बन हो । यसबाहेक अक्सिजन, हाइड्रोजन, नाइट्रोजन आदि पनि सुक्ष्म मात्रामा जीवहरूमा पाइने गर्दछ । बोटबिरुवाहरू जीवमण्डलका उत्पादक हुन् । यिनीहरूले उत्पादन गरेको खाद्यान्नमा नै अन्य सम्पूर्ण जीवहरूको जीवन आधारित छ । पृथ्वीको सतह तथा सो भन्दा मुनिको तहलाई भित्रीमण्डल भन्ने गरिन्छ । पृथ्वीको आन्तरिक बनौट बारे वैज्ञानिकबीच मत-मतान्तर रहेको छ । पृथ्वीको भित्री भागमा ठोस, तरल वा ग्यास के छ भन्ने बारेमा पनि विवादको अन्तिम टुंगो लागिसकेको छैन । पृथ्वीको भित्रीमण्डलको तापमान गहिराईको आधारमा बढ्दै जान्छ । तापमान प्रति किलोमिटर ३० डिग्री सेन्टिग्रेडको दरमा बृद्धि हुने अनुमान गरिएको छ । यस्तै पृथ्वीको भित्रीमण्डलमा पर्ने दबाब पनि गहिराइको साथसाथै बढ्दै जान्छ ।

विश्व मानचित्रमा नेपाल एउटा सानो भौगोलिक क्षेत्र ओगटेको मुलुक हो । नेपाल पृथ्वीको उत्तरी गोलार्धमा रहेको पूर्वीय मुलुक हो । पृथ्वीमा सूर्य उदाउने क्रमलाई न्युजिल्याण्ड, जापानजस्ता मुलुकबाट सुरु भएको मानिने हुँदा नेपाल विश्वको पूर्वमा रहेको मानिएको हो । यसले विश्वको कूल क्षेत्रफलको ०.०३ प्रतिशत भाग र एसियाको ०.३ प्रतिशत भाग ओगटेको छ । यो २६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरमा अवस्थित रहेको छ । भूमध्यरेखादेखि ३० डिग्री उत्तरी अक्षांशसम्म रहेको हुनाले यहाँको मौसम मूलत: समशीतोष्ण रहेको छ । यद्यपि नेपालको हावापानीमा भूमध्यरेखीयदेखि ुवीय हावापानीसम्म पाइन्छ । नेपाल भौगोलिक रूपमा मात्र नभएर विविध कारणले विश्वको विशिष्ट पहिचान भएको मुलुकको परिचित रहेको छ । यसका केही कारणहरूलाई यहाँ बुँदागत रूपमा उल्लेख गरिएको छ । नेपाल भौगोलिक हिसाबले सानो क्षेत्रफल ओगट्ने देश भए पनि यहाँ विश्वमा पाइने प्राय: सबैजसो हावापानी पाइन्छ । यहाँ असाध्यै गर्मी हुने तराई क्षेत्रदेखि ुवीय क्षेत्रमा जस्तै बारै महिना हिउँ पर्ने हिमालय क्षेत्रसमेत रहेको छ । हिमालयलाई विश्वको तेस्रो ुव पनि भनिन्छ । हिमालयकै कारण मनसुनी हावा तिब्बततर्फ जान नपाई नेपालमा वर्षा हुने गर्छ । नेपालको जीवनको मूल आधार रहेको मनसुनी वर्षाको मुख्य कारक हिमालय क्षेत्र हो । समुद्र सतहबाट ५९ मिटरदेखि सबैभन्दा अग्लो भूभाग पनि यहाँ रहेको छ । विश्वका ८ हजार मिटरभन्दा अग्ला १० वटा शिखरहरूमध्ये ८ वटा नेपालमै पर्दछन् । यहाँ हिउँद वर्षा दुवै समयमा व्यापक पानी पर्ने पोखरादेखि फाटफुट मात्र पानी पर्ने वा कुनै वर्ष पानी नै नपर्ने हिमालपारिका मनाङ, मुस्ताङ, डोल्पा जस्ता क्षेत्रहरू रहेका छन् । यहाँ गर्मी महिनामा बंगालको खाडीबाट उठेर आउने मनसुनी हावाले पानी पार्छ भने हिउँदमा अरब सागरबाट बहने हावाले पानी ल्याउँछ । वार्षिक रूपमा पर्ने पानीको करिब ९६ प्रतिशत मनसुनी वर्षा हो । यहाँ विश्वकै गहिरो खोँच म्याग्दी जिल्लाको दाना क्षेत्रमा पर्ने कालीगण्डकीको खोँच हो भने गहिरो उपत्यका विश्वकै गहिरो ठाउँमा रहेको उपत्यका अरुण उपत्यका रहेको छ । नेपालको पूर्वदेखि पश्चिमसम्म हिमाल, पहाड र तराईको भूभाग रहेको छ । यो पनि एउटा उल्लेख्य विशेषता हो । नेपालमा सानो भूगोलभित्र ६ हजारभन्दा बढी सानाठूला नदीनाला छन् । भूगोलको अनुपातमा जलस्रोतको प्रचुरतामा नेपाल ब्राजिलपछि दोस्रो नम्बरमा पर्छ । विश्वकै अग्लो स्थानमा रहेको ताल नेपालकै तिलिचो ताल हो, जुन मनाङ जिल्लामा पर्दछ । विश्वकै अग्लो स्थानमा मानव बस्ती घोतराप बस्ती हो जुन डोल्पामा छ भने विश्वकै अग्लो स्थानमा धानखेती हुनेस्थान जुम्लाको सिंजा उपत्यका हो । नेपालमा मात्र पाइने काँडेभ्याकुर चरा, पान्टियासेर्पा पुतली र केही किरा प्रजातिहरू छन् । नेपाल विश्वका प्राचीन १० वटा देशमध्येको एउटा देश हो । यो अहिलेसम्म अन्य कुनै देशको उपनिवेश बनेको छैन । नेपालको झण्डा तिनकुने आकारको रहेको छ । विश्वमा बाँकी सबै देशको झण्डा चारकुने रहेका छन् । नेपालमा सानो क्षेत्रभित्र १२४ जातजाति र १४२ भाषा रहेका छन् । यहाँ संसारकै सर्वोच्च शिखरयुक्त सगरमाथालाई डुबायो भने त्यो चूर्लम्म डुब्नेमात्र छैन, त्यहाँ दुई किलोमिटर भन्दा बढी (२,१८५ मि.) खाली आकाश अझै बाँकी रहनेछ । दक्षिणी ध्रुवतिर फैलिएको एन्टार्टिका तथा उत्तरी ध्रुवतिर फैलिएको आर्टिक महासागर हिमाच्छादित सागर हुन् । पृथ्वीको उत्तरी र दक्षिणी ध्रुवको ध्रुवीय वातावरणलाई नै प्रतिबिम्बित गर्ने हुनाले हाम्रो हिमाली क्षेत्रलाई पनि 'तेस्रो ध्रुव' भन्ने उपनाम प्रदान भएको छ । मानिस प्रजातिले पनी स्वार्थका लागि अरू प्राणीलाई बोच्ने अवसरबाटै वञ्चित गरे । जैविक विविधतामा विशेष दराडेभिड एटेनबर अगाडि सारेको तथ्यांक अनुसार सन् १८५० विश्वभरका चराचुरुंगीको छ । पिण्डभारमा ७० प्रतिशत पिण्डभार पाल्तु पक्षीले ओगटेका छन् । वनजंगल र सिमसारका प्राक्तरूपका पक्षीपिण्ड ३० प्रतिशत मात्र बाँकी छन् । स्तनधारी प्राणी पिण्डको ४ प्रतिशत मात्र प्राकृतरूपमा मौजुद छन् । बाँकी सबै, ८६ प्रतिशत मान्छेको जनसंख्या र मान्छेले पालेका पशुधन मात्र हुन् । प्रकृतिलाई दिने सेवामा यिनको भूमिका हुँदैन । त्यसैले प्रश्न उठ्छ के यी पृथ्वी मान्छेकै मात्र पेवा हो ? र, यदि यस पृथ्त्रीमा मान्छे मान्छे मात्र भयो भने के हामी बाँच्न सही आकाशमा धरान पानीमा माछा, न जमीनमा पशुपक्षी, न वनजंगल । मानिसविना पनि अरू जीव बाँच्न सक्छन् तर पृथ्वीविना हामी कोही पनि बाँच्न सक्दैनौं । सबैलाई आफ्नो प्राण प्यारो हुन्छ । खानु छ, त्यो अन्न खाद्य पदार्थ कहाँबाट मनोरञ्जन चाहिन्छ, कहाँबाट आउँछ ? त्यसैले, यहाँ बाँच्ने जति सबैको हो यो पृथ्वी पृथ्वीभरिका मानिसले 'यो पृथ्वी मेरो' भन्नुपर्छ ।

**-इहिमालय टाइम्स डटकम**

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७ |
| बुटवल ०७१–५४०२२२ | भिमअस्पताल भैरहवा ०७१–५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९–५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१–५४००८१ |
| बुटवल रामनगर ०७१–५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१–५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१ |
| भैरहवा ०७१–५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७–५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१ | रामपुर अस्पताल: ०७५–४००१५४ | जनसेवा क्लब नर्यामिल ११५७०२१२४६ |
| गुल्मी ०७९–५२०१९९ | पिचन्द्र परासी ०७८–५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८–५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१–५२०२६५ | रोटरी क्लब बुटवल ०७१–५४४६०० | बनगाई क्लब बनगाई ०७६–६९०१०२ |
| तौलिहवा ०७६–५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७ | लियो क्लब अफ बुटवल ०७१–५४५८९३ | रेडक्रस देवदह ०७१–५७७०९९ |
| पाल्पा ०७५–५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८ | रेडक्रस भैरहवा०७१–५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४० |
| इप्रका रामपुर ०७५–६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२०० | रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५० | परासी ०७८–५२०१२५ | न्यु एकता क्लब तानसेन : ०७५–५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१–५४६४३२ | रेडक्रस पाल्पा ०७५–५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६–५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :घरपरिवारमा मांगलिक कार्य सम्पादन हुनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **तुला** : उद्योग वा व्यापार विस्तारमा मित्रहरूको सहयोग मिल्नेछ । |
| **बृष** : मनमा अनावश्यक सन्देहको भावना जागृत हुनेछ ।आफन्तको साथ मिल्नेछ । | **बृश्चिक** : मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । |
| **मिथुन** : खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । | **धनु** : व्यापार लगायत आर्थिक लाभ हुने काममा जुट्ने समय छ । |
| **कर्कट** :दैनिक आवश्यकता पूरा हुनेछन्। भने मिहिनेतको फल प्राप्त हुनेछ । | **मकर** :शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलतालेराम्रै उपलब्धि दिलाउनेछ। |
| **सिंह** : आँटेका कार्य पूरा गर्न सकिनेछ । मान प्रतिष्ठा बढ्नेछ। | **कुम्भ** :बाहिरी काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुपर्ला । |
| **कन्या** : चुनौतीहरू स्वत: हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। | **मीन** :विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति सोचेजस्तो सहज नरहला । |

## कला मनोरञ्जन

# तिज विदामा 'माग्ने राजा'को व्यापारमा उछाल, 'जनै हराएको मान्छे'को कस्तो छ ?



गत शुक्रबारबाट प्रदर्शनमा आएका तीन फिल्ममध्ये 'माग्ने राजा' र 'जनै हराएको मान्छे'ले तीज विदाको राम्रो सदुपयोग गरेका छन् । मंगलबार देशभर दुवै फिल्मको उत्साहप्रद व्यापार देखिएको छ । अझ आक्रामक 'माग्ने राजा' देखिन्छ । दिउँसो २ बजेपछि काठमाडौंसहित नेपालगञ्ज, दाङ, पोखरा, चितवन, धरान, बुटवललगायतका सहरमा फिल्मको अकुपेन्सी ८० प्रतिशत नाघेको छ ।

मंगलबार देशभरका हलमा 'माग्ने राजा'को क्रेज हेर्दा फिल्मले प्रदर्शनयताकै सबैभन्दा ठूलो व्यापार गर्ने देखिन्छ । सम्भवत: यो फिल्मले मंगलबार १ करोडमाथि व्यापार गर्न सक्नेछन् । साँझ ६ बजेपछि हलमा दर्शकको चाप अझ बढ्ने अपेक्षा निर्माण टिमको छ । गत शनिबार पनि फिल्मले उत्साहजनक व्यापार गरेको थियो । आइतबार र सोमबार भने व्यापार अपेक्षा अनुरूप हुन सकेन । तीज विदामा फिल्मले देशभर उत्साहजनक व्यापार गरेपछि बिहानैदेखि कलाकार केदार घिमिरे (माग्ने बुढा) काठमाडौंमा विभिन्न हलमा पुगेर दर्शकसँग भेट गरिरहेका छन् । उनी दिउँसो चाबहिलस्थित एफक्यूब हलमा पुग्दा रातो साडी र कुर्थामा सजिएका महिलाहरूको उपस्थिति उल्लेख्य देखिएको थियो । त्यहाँ उनले तीजको शुभकामना दिँदै फिल्म हेरिदिएकोमा आभार व्यक्त गरे । 'माग्ने राजा'सँगै तीज विदामा 'जनै हराएको मान्छे'को व्यापारमा पनि उल्लेख्य सुधार देखिएको छ । काठमाडौं, पोखरा, नेपालगञ्ज लगायतका सहरका हलमा फिल्म हेर्ने दर्शकको उत्साहजनक उपस्थिति रहेको निर्माण पक्षले जनाएको छ । हलमा परिवारसहित दर्शकहरू आइरहेको निर्देशक हिमाल न्यौपानेले जानकारी दिए । फिल्मलाई प्रतिक्रिया पनि उत्कृष्ट मिलिरहेको उनको भनाइ छ । ऋषि लामिछानेको निर्देशनमा बनेको 'माग्ने राजा'मा केदारसहित वर्षा सिवाकोटी, विल्सन विक्रम राई, शिशिर वाङ्देल, सारदा गिरी लगायतको अभिनय रहेको छ भने 'जनै हराएको मान्छे'मा विजय बराल, केकी अधिकारी, मिरुना मगर, गौरव पहारी, शुशांक मैनाली लगायतले अभिनय गरेका छन् । फरक विधा र स्वादका यी दुवै फिल्मको विषयवस्तुलाई दर्शकहरूले रूचाएको देखिन्छ ।**-फिल्मी खबर डटकम**

# ३३ फिल्मलाई निर्माण इजाजत, कुन-कुनले पाए ?



*रेखा थापा र महेश त्रिपाठीलाई शीर्ष भूमिकामा लिएर फिल्म बनाउन श्रद्धा प्रसाईंले 'क का कि की' निर्माणको अनुमति पाएकी छन् । पुष्प खड्का र सहारा कार्कीलाई लिएर फिरोज तिमल्सिनाले 'कहाँ गयौ तिमी' निर्देशन गर्दैछन् । अर्जुन घिमिरे पाँडेले निर्देशन गर्ने फिल्म 'झरी पछिको इन्द्रेणी'ले पनि निर्माण अनुमति पाएको छ, जुन अहिले सुटिङ भैरहेको छ । खगेन्द्र लामिछानेको निर्माण र निर्देशन रहने फिल्म 'जंगबहादुर'ले पनि निर्माण इजाजत पाएको छ ।*

साउन महिनामा ३३ कथानक फिल्मले निर्माण इजाजत पाएका छन् । केही नयाँ निर्माताको प्रवेश भएको देखिन्छ भने केही पुरानै मेकर निर्माणमा फर्किएका छन् ।

असारमा १९ फिल्मले निर्माण इजाजत लिएका थिए । जेठमा ३६ र बैशाखमा १८ फिल्मले अनुमति पाएका थिए । २०८२ सालको साउनसम्म कूल १०६ फिल्मले निर्माण इजाजत पाएका छन् ।

**साउनमा कुन-कुनले पाए अनुमति ?**
कृषा चौलागाईंले फिल्म 'पारस' निर्माण गर्दैछिन् । मुस्कान ढकालले फिल्म 'रत्यौली' निर्माण तथा निर्देशन गर्नेछन् । रेखा थापा र महेश त्रिपाठीलाई शीर्ष भूमिकामा लिएर फिल्म बनाउन श्रद्धा प्रसाईंले 'क का कि की' निर्माणको अनुमति पाएकी छन् ।
पुष्प खड्का र सहारा कार्कीलाई लिएर फिरोज तिमल्सिनाले 'कहाँ गयौ तिमी' निर्देशन गर्दैछन् । अर्जुन घिमिरे पाँडेले निर्देशन गर्ने फिल्म 'झरी पछिको इन्द्रेणी'ले पनि निर्माण अनुमति पाएको छ, जुन अहिले सुटिङ भैरहेको छ । खगेन्द्र लामिछानेको निर्माण र निर्देशन रहने फिल्म 'जंगबहादुर'ले पनि निर्माण इजाजत पाएको छ । खगेन्द्रले अर्को फिल्म 'जर्क'को इजाजत लिएका छन् जसलाई उनी स्वयमले निर्देशन गर्नेछन् । यो फिल्मको कलाकारमा खगेन्द्र र स्वस्तिमा खड्काको रुपमा उल्लेख छ । किरण नेपालीले रियर राई र स्मृति कल्मरलाई लिएर फिल्म 'महादशा'को लागि इजाजत पाएका छन् । कविता नेपालीको फिल्म '३ पांग्रे'ले पनि इजाजत पाएको छ । सविर श्रेष्ठले आफ्नो निर्माण तथा निर्देशनमा फिल्म 'काली कृष्णा'को इजाजत लिएका छन् । यो फिल्मको छायांकन नाम चाहिँ '३६ को आँकडा' राखिएको छ । कलाकारमा रेखा थापा, पूजा शर्मा र महेश त्रिपाठीलाई चिनाइएको छ । संगित सापकोटाको निर्देशन रहने फिल्म 'ल बबाल'ले पनि निर्माण इजाजत पाएको जसको कलाकारमा रेखा थापा र सुन्दर धितालको नाम उल्लेख छ । निर्देशक राजु पुडासैनीले 'बा-लेनको चस्मा' शीर्षकमा निर्माण इजाजत पाएका छन् । मदन घिमिरेले 'लभ इन पोखरा'को अनुमति पाएका छन् ।

नीता ढुंगानाले अफ्नो निर्माण र निर्देशन रहने फिल्म 'पार्वती'को लागि निर्माण इजाजत लिएकी छन् । सजन कफ्लेले अफ्नो निर्माणमा फिल्म 'जिरो डिग्री'को लागि निर्माण इजाजत पाएका छन् जसमा विजय बराल र प्रमिशा सुवेदीलाई कलाकारको रुपमा चिनाइएको छ । सुदीपभुपाल सिंहको निर्माण तथा निर्देशनमा फिल्म 'सयपत्री' बन्ने भएको छ । यो फिल्मका कलाकारमा आकांक्षा कार्की र सुरजसिंह ठकुरीलाई चिनाइएको छ । वेदबहादुर गुरुङले अफ्नो निर्माणको लागि फिल्म 'बुकि फूल'को लागि निर्माण इजाजत लिएका छन् । यो फिल्मका कलाकारमा दयाहाङ राई र संस्कृति गुरुङ लगायत छन् ।
**-अनलाइन खबर डटकम**

# चलचित्र 'जेरी : अन टप' को टिजर सार्वजनिक



चलचित्र 'जेरी अन टप'को टिजर सार्वजनिक भएको छ । अनमोल केसीको मूख्य भूमिका रहेको चलचित्रको टिजरमा कथावस्तु र पात्रको चरित्र बुझाउन खोजिएको छ । चलचित्रको निर्देशन सुयोग गुरुङले गरेका हुन् । सगरमाथा आरोहण र यात्राको क्रममा हुने प्रेमकथामा निर्माण भएको चलचित्रमा अनमोलसहित जसिता गुरुङ, आँचल शर्मा, केदार घिमिरे 'माग्ने बुढा', भुवन केसी र उषा खड्गीको अभिनय छ । चलचित्रको पटकथा हेमराज बीसी हुन् । सरोज न्यौपानेको प्रस्तुतिमा रोविन शेरचन, रामकृष्ण श्रेष्ठ र दीपक भण्डारी निर्माता रहेका छन् । चलचित्रको छायाङ्कन सगरमाथा क्षेत्र, मुस्ताङ र काठमाडौंमा गरिएको थियो । चलचित्र आगामी असोज ३१ गते (१७ अक्टोबर) प्रदर्शन हुनेछ ।
**-रातोपाटी डटकम**

# 'कुली' र 'वार २' ले अहिलेसम्म कति कमाए ?



रजनीकान्त अभिनीत 'कुली' चौथो सर्वाधिक कमाइ गर्ने तमिल फिल्म बनेको छ । लोकेश कनागराज निर्देशित यो फिल्मको विश्वव्यापी कमाइ ५ सय करोड भारू नजिक पुगेको छ ।

प्रदर्शनको ११ दिनमा फिल्मले भारतमा ३ सय ४ करोड भारू कुल कमाइ गरेको छ । भारतबाहिर फिल्मले १ सय ८० करोड कमाउँदा विश्वव्यापी कमाइ ४ सय ८४ करोड भारू पुगेको भारतीय संचारमाध्यमले जनाएका छन्। फिल्मले आइतबारसम्ममा उक्त कमाइ गरेको हो । त्यस्तै, एकसाथ रिलिज अर्को फिल्म 'वार २' को विश्वव्यापी कमाइ ३ सय ५० करोड नजिक पुगेको छ । ऋतिक रोशन र जुनियर एनटीआर अभिनित फिल्मले ११ दिनमा विश्वव्यापी रूपमा ३ सय ३९ करोड भारू कमाइ गरेको हो । फिल्मले घरेलु बजारमा कुल २ सय ६४ करोड भारू कमाएको छ भने भारतबाहिर ७५ करोड भारू कमाइ गरेको जनाइएको छ । योसँगै 'वार २' ले बक्स अफिसमा 'ठग्स अफ हिन्दुस्तान' को कमाइलाई उछिनेको छ । सन् २०१८ मा रिलिज उक्त फिल्मले ३ सय ३५ करोड भारू कमाएको थियो । 'कुली' र 'वार २' को विश्वव्यापी कमाइमा १ सय ४५ करोडको अन्तर छ । 'कुली' को कुरा गर्नुपर्दा यो एक एक्सन थ्रिलर फिल्म हो । यसमा रजनीकान्तसहित नागार्जुन, श्रुति हासन, सौबिन शाहीर, उपेन्द्र र आमिर खान पनि विशेष भूमिकामा छन् । त्यस्तै, 'वार २' एक जासूसी एक्सन थ्रिलर फिल्म हो ।

यसमा ऋतिक रोशन र जुनियर एनटीआरसहित कियारा आडवाणी शीर्ष भूमिकामा छिन् । दुवै फिल्म नेपालका सिनेमा हलमा पनि प्रदर्शनरत छन् ।
**-सेतोपाटी डटकम**

# शाहरुख खानका छोरा आर्यन सिनेमा जगतमा प्रवेश, गरे वेब सिरिज निर्देशन



बलिउडका चर्चित अभिनेता शाहरुख खानका छोरा आर्यन खानले अन्तत: सिनेमा जगतमा प्रवेश गरेका छन् । तर, उनले अभिनेताको रूपमा नभएर, निर्देशकको रूपमा बलिउडमा पाइला चालेका हुन् । आर्यनले निर्देशन गरेको वेब सिरिज 'द बैड्स अफ बलिउड'को टिजर सार्वजनिक भएको छ ।

टिजर सार्वजनिक भएसँगै दर्शकले प्रतिक्रिया दिन थालेका छन् र आर्यनलाई शाहरुख खानसँग तुलना गरिरहेका छन् । टिजरमा आर्यनको प्रस्तुति र अभिव्यक्तिले दर्शकको ध्यान तानेको छ । टिजर देखेपछि सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले आ्ना विचार व्यक्त गरेका छन् । एक प्रयोगकर्ताले भनेका छन्, 'आर्यनको आवाज बिल्कुल शाहरुख खानसँग मिल्दोजुल्दो छ ।' अर्का प्रयोगकर्ताले टिप्पणी गरेका छन्, 'बुबा नम्बर एक, छोरा दश नम्बर ।' यसका अतिरिक्त धेरै दर्शकले आर्यनको कामको प्रशंसा गरेका छन् । आर्यन खानले 'द बैड्स अफ बलिउड'को निर्देशन मात्र गरेका छैनन्, यसलाई लेखेका पनि हुन् ।

वेब सिरिजको प्रिभ्यु अगस्ट २० मा सार्वजनिक हुने घोषणा भएको छ । यस प्रिभ्युमार्फत् शोबारे थप जानकारी खुल्ने अपेक्षा गरिएको छ । तर, यसको आधिकारिक रिलिज मिति भने अझै तय भएको छैन ।
**-लोकान्तर डटकम**

# सिमलटारी–सौतामारे–मच्छी सडक निर्माणमा ढिलाइ

**गुल्मी,** भदौ १०/मदनभण्डारी राजमार्ग अन्तर्गत गुल्मीको सिमलटारी बाट प्यूठानको मच्छीसम्मको सडक निर्माणमा ढिलाइ भएको छ । निर्माण व्यवसायीले तोकिएको समयमा सडक निर्माण नगर्दा वर्षात्मा यात्रुहरूले समस्या भोग्दै आएका छन् ।

सडक निर्माण सुरु भएको करिब तीन वर्षमा सो सडकखण्डमा २६ प्रतिशतमात्र भौतिक प्रगति भएको छ । मदनभण्डारी राजमार्ग योजना कार्यालय गुल्मीका इञ्जिनियर प्रभात तिवारीका अनुसार उक्त सडकमा ३३ महिनामा २६ प्रतिशत भौतिक र २३ प्रतिशत वित्तीय प्रगति भएको छ । गुल्मीको सिमलटारीबाट सौतामारे हुँदै प्यूठानको मच्छीसम्म ३१ कलोमिटर सडक निर्माण गर्ने जिम्मा श्रेष्ठ (सक्षम जेभीले लिएको थियो । विसं २०७९ कात्तिक ५ गते एक अर्ब ४५ करोड ३३ हजार रुपैयाँमा ३१ किलोमिटर सडक निर्माणको सम्झौता गरिएको थियो । लामो समयसम्म सडक निर्माणले गति नलिएको मदाने गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर कुँवरले बताए । नागरिक समाजले पनि पटक-पटक गुनासो गरेपछि गुल्मीका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद कोइरालाको नेतृत्वमा स्थानीय तह र योजना कार्यालयको संयुक्त टोलीले उक्त सडकखण्डको हालै



स्थलगत अनुगमन गरेको छ । अनुगमनका क्रममा कामको प्रगति र सडकको अवस्थाबारे जानकारी लिइएको छ ।

सडकको सबवेस, बेस र अस्फाल्ट प्रविधिबाट कालोपत्र लगायतका धेरै काम बाँकी रहेको प्रमुख जिल्ला अधिकारी कोइरालाले बताए । मदनभण्डारी राजमार्ग योजना कार्यालयले निर्माण व्यवसायीलाई कामको गति बढाउन निरन्तर ताकेता गर्दै आएको जनाएको छ । लगातार काम गरेको खण्डमा २०८३ असार मसान्तसम्म उक्त सडक निर्माण सम्पन्न गर्ने कार्यालयको लक्ष्य छ । निर्माण व्यवसायीको तर्फबाट इञ्जिनियर किसन शाहका अनुसार आर्थिक समस्याका कारण काममा ढिलाइ भएको हो । उनले पुस मसान्त र असार मसान्तमा कार्यालयबाट भुक्तानी पाउन ढिला भएका कारण काममा असर परेको बताए । काम गर्न म्याद थपको प्रक्रिया अघि बढेको र थपिएको म्यादभित्रै सम्पन्न गर्ने उनले बताए । **-रासस**

## खेलकुद समाचार

### नेपालको लगातार दोश्रो जीत



**काठमाडौं,** भदौ १०/दोश्रो टी-२० अभ्यास खेलमा नेपालले अस्ट्रेलियन क्रिकेट टेरिटरी (एसीटी) लाई छ विकेटले हराएको छ । एसीटीले दिएको ९७ रनको लक्ष्य पछ्याएको नेपालले १३ ओभर दुई बलमा भेटायो ।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले अविजित ४२ रन बनाए । एसीटीका इ रहेमानले दुई तथा एल इभान्स र डी दुबेले समान एक विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको एसीटीले १७ ओभर दुई बलमा सबै विकेट गुमाएर ९६ रन मात्र बनायो । एन ब्रोसले सबैभन्दा धेरै १६ रन बनाए ।

नेपालका दीपेन्द्रनेपालको लगातार दोश्रो जीतसिंह ऐरी र शहाब अलामले समान चार विकेट लिए । यस्तै गुलशनकुमार झा र रोहित पौडेलले समान एक विकेट लिए । यसअघि भएको पहिलो अभ्यास खेलमा नेपालले टेरिटोरीलाई ४१ रनले हराएको थियो । टप इन्ड टी-२० शृङ्खलापछि नेपालले थप पाँच वटा अभ्यास खेल्न लागेको हो । टप इन्ड टी-२० शृङ्खलामा नेपाल समूह चरणबाटै बाहिरिएको थियो । आईसीसी टी-२० विश्वकप छनोटका तयारी स्वरूप नेपालले अस्ट्रेलिया भ्रमण गरेको हो ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से बढ्यो, कारोबार रकम घट्यो



**पाल्पा,** भदौ १०/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । मंगलबार परिसूचक चार दशमलव ८३ अंकले बढेर दुई हजार ७ सय ६६ दशमलव ०९ बिन्दुमा कायम भएको हो ।

मंगलबार नेप्सेमा सामान्य सुधार भएपनि अघिल्लो दिनको तुलनामा करिब साढे १ अर्बले कारोबार रकम घटेको छ । सो दिन कारोबारमा आएकामध्ये १०१ कम्पनीको सेयर मूल्य बढ्दा १४९ वटा कम्पनीको घट्यो । यसरी सेयर मूल्य बढ्ने भन्दा घट्ने कम्पनी बढी भएपनि समग्र नेप्सेमा भने करिब ५ अंकको सुधार भएको हो । सो अवधिमा ३ सय २२ कम्पनीको ९२ लाख ४३ हजार २३२ कित्ता शेयर ४५ हजार ११६ पटक खरिदबिक्री हुँदा चार अर्ब १८ करोड ५३ लाख १५ हजार ७ सय ३४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा लगानी समूह शून्य दशमलव १०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६८, लघुवित्त शून्य दशमलव ४८ र निर्जीवन बीमा समूह शून्य दशमलव १० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । बैंकिङ शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ९६, वित्त शून्य दशमलव १२, होटल तथा पर्यटन शून्य दशमलव १७, जलविद्युत् शून्य दशमलव ०७ र जीवन बीमा समूह शून्य दशमलव ०६ प्रतिशतले बढेको छ । त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव १३, व्यापार शून्य दशमलव ११ र अन्य समूह एक दशमलव ४२ प्रतिशतले बढेको छ । विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने कुमारी सबल योजनाको शेयर मूल्य तीन दशमलव ६६ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ४८ करोड ९५ लाख ७८ हजार २ सय २४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन ८०-२० को छ लाख ५२ हजार ८२ कित्ता शेयर किनबेच भएको छ ।


**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## आज गणेश चतुर्थी...

...शुक्ल चतुर्थीदिखि अनन्त चतुदर्शीसम्म गणेशको १० दिन सम्म पुजा गर्ने परम्परा छ । शिवपार्वतीका पुत्र गणेशलाई जुनसुकै धार्मिक कर्ममा अग्रपूजाको अधिकार प्राप्त भएको छ । हरितालिका (तिजको व्रत) पारायण गरी गणेशको व्रत गर्ने शास्त्रीय मान्यता रहेको हो । भाद्र शुक्ल तृतीयाका दिन सुखद दाम्पत्य जीवन तथा सुखशान्तिको कामना गरेका व्रतालुले आज जीवनमा बिघ्न नआओस् भनी कामना गर्न गणेश पूजा गर्ने विधान गणेश पुराणमा उल्लेख गरिएको छ ।

मंगल चतुर्थीसमेत भनिने आजका दिन देशभरका गणेश मन्दिरमा भक्तजनको भीड लाग्ने गर्दछ । नेवार समुदायले आजको दिनलाई चथा पर्वका रुपमा मनाउँछन् । यस दिन बालबालिकालाई 'छुस्यामुस्या' बाँड्ने चलन रहेको छ । यस्तै आज राष्ट्रिय धर्मसभा दिवस पनि मनाईदैछ । तिजपछिको गणेश चतुर्थीको दिन हरेक वर्ष राष्ट्रिय धर्मसभा मनाउने चलन रहेको छ । नेपाली संस्कारमा वैदीक सनातन अभ्यास, पहिचान, वैदिक चलन, अन्य धर्म संस्कृतीको रक्षार्थ धर्मसभाले पञ्चांग निर्णाय समितिको नजिक रहेर कार्य गर्ने तथा हरेक वर्ष पात्रोमा चाड, तिथि समावेश गराउने कार्यको पहरेदारी गर्ने गर्दछ ।


**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई